# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२४ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी शिव नारायण यादव रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी शिव नारायण यादव रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी एवं घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता<br>
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | शिव नारायण यादव (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००३४ र फैसला मिति २०८०/०७/१४) | सरकारी रकम हानी नोक्सानी एवं घुस/रिसवत समेत लिई भ्रष्टाचार गरेको | प्रतिवादी शिव नारायण यादबले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टी भएकोले निज प्रतिवादी शिव नारायण यादवलाई सरकारी रकम हानिनोक्सानी रु.१,८०,०००।- (एक लाख असी हजार मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा १७ मा उल्लेख भए वमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) एवं सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हानीनोक्सानको बिगो रु.१,८०,०००।- (एक लाख असी हजार मात्र) निजबाट असुल उपर हुन साथै प्रतिवादी शिव नारायण यादबले बाबा कृष्णा राम पशु फार्म, ससरीबाट घाँस खरिद गर्दाबाबा कृष्णा राम पशु फार्म, ससरीको संचालक बेचन यादव मगरदैतालाई दवाव र प्रभावमा पारी निजबाट रु.२१,०००।– चेकबाट नै घुस/रिसवत समेत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टी भएकोले निज प्रतिवादी शिव नारायण यादबले लिएको घुस रिसवत रु.२१,०००।–(एक्काईस हजार) विगो कायम गरी भ्रष्टाचार | **फैसलाः**<br>प्रतिवादी शिव नारायण यादवले आरोपीत कसुरबाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** प्रतिवादी शिव नारायण यादवले पेश्की लिएको रकम प्रतिवादी स्वयंले कानून बमोजिम फछ्र्यौट गर्न सक्ने तथा निजले पेश्की फछ्र्यौट नगरेमा नेपाल सरकारले कानून बमोजिम असुलउपर गरी लिन सक्ने अवस्था रहे भएकोमा अहिले नै सरकारी रकम हिनामिना हानी नोक्सानी भएको अवस्था नदेखिएको।<br>**ख.** घुस रकम लिएकोमा प्रतिवादी शिवनारायण यादव ईन्कार रहेको ।<br>**ग.** उजुरकर्ताले नै प्रतिवादीलाई घुस रकम दिएको होइन, सापटी फिर्ता गरेको हो भनी उजुरी व्यहोरा खण्डित हुने गरी बकपत्र गरेको। | **क.** प्रतिवादी शिव नारायण यादवले पेश्की लिएको रकम प्रतिवादी स्वयंले कानून बमोजिम फछ्र्यौट गर्न सक्ने तथा निजले पेश्की फछ्र्यौट नगरेमा नेपाल सरकारले कानून बमोजिम असुलउपर गरी लिन सक्ने अवस्था रहे भएकोमा अहिले नै सरकारी रकम हिनामिना हानी नोक्सानी भएको अवस्था नदेखिएको भन्ने आधार ग्रहण गरी फैसला गरेको सन्दर्भमा नेपाल सरकार विरुद्ध प्रतिवादी बलिराम दास कथवनिया समेत भएको (नेकाप २०७६, असार, नि.नं. १०२०८) सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दामा "भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि नभएको। भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्‍याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने" भनि सिद्धान्त प्रतिपादन भएको। प्रस्तुत मुद्दामा समेत प्रतिवादीले पेश्की लिएको रकम रु २,५०,०००।– मध्ये रु. ७०,०००।– को घाँस खरिद गरी उक्त घाँस खरिद गरे वापत पनि विक्रेताबाट रु २१,०००।– घुस रकम माग गरी उक्त रकम बैंक खातामा दाखिला गरेको बैंक स्टेटमेन्टबाट पुष्टि भएको र आफुले खरीद गरेको मूल्य भन्दा तीनगुना भन्दा वढीको विल पेश गरी पेश्की फर्छ्यौटको लागि कार्यालय प्रमुख समक्ष पेश गर्दा कार्यालयमा परेको उजुरीको आधारमा उक्त पेश्की फर्छ्यौट गर्न कार्यालय प्रमुखले नमानेको अवस्थामा प्रतिवादी शिव नारायण यादवले सरकारी रकम लिने खाने नियतले काम गरेको भन्दा ३ गुना भन्दा बढीको विल बनाई फर्छौटका लागि पेश गर्ने काममा नै दूषित मनसाय रहेको पुष्टी हुन आएको अवस्थामा प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। प्रस्तुत सन्दर्भमा नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल समेत भएको (नेकाप २०७८, पौष, नि.नं. १०७४८) भ्रष्टाचार मुद्दामा "मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो, त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने। अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना एवं सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद सजाय र ऐ.ऐनको दफा ३ को उपदफा (१) बमोजिम घुस/रिसवत समेत जफत हुन मागदाबी लिइएको। | | जानकारी वा ज्ञान राखेको थियो वा थिएन कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने  यकिन गर्नुपर्ने" भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त सिद्धान्त प्रतिकुल हुने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको।<br>**ख.** प्रतिवादी शिव नारायण यादवले कसूरमा इन्कार रही वयान गरेको भन्ने सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानुनी व्यवस्था रहेको। यसमा उजुरी कर्ता वेचन यादव मगरदैताको किटानी उजुरी, निज वेचन यादव मगरदैताले अनुसन्धानको क्रममा गरेको वयान, रु २१,०००।— जम्मा भएको बैंक स्टेटमेन्ट, भेटेनरी अस्पताल तथा पशु सेवा वित्त केन्द्र सप्तरीको पत्र समेतको प्रमाणहरुको मूल्यांकन नगरी विशेष अदालत ऐन, २०५९ को दफा ७(क) बमोजिम बुझिएका साक्षी भेटेनरी अस्पताल तथा पशु सेवा वित्त केन्द्रका प्रमुख डा. प्रभात झाले अदालतमा गरेको वकपत्र, लगायतका प्रमाणहरुले प्रतिवादीको कसूरमा संलग्नता पुष्टि भई रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने उद्देश्यले गरेको प्रतिवादीको ईन्कारी वयानलाई आधार वनाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण रहेको।<br>**ग.** उजुरकर्ताले नै प्रतिवादीलाई घुस रकम दिएको होइन, सापटी फिर्ता गरेको हो भनी उजुरी व्यहोरा खण्डित हुने गरी बकपत्र गरेको भन्ने आधार ग्रहण गरी प्रतिवादीलाई सफाई दिएको सन्दर्भमा, निजले अनुसन्धानका क्रममा गरेको वयानको स.ज. ११ मा "बाबा कृष्णा राम पशु फर्मका प्रोप्राइटर बेचन यादवसंग पहिले देखि चिनजान नभएको। फर्महरु अनुगमनको सिलसिलामा त्यहा पुग्दा चिनजान भएको थियो। उक्त फर्ममा घाँसको सेट्सहरु लगाएको र विक्री गर्छ भन्ने गरेको हुँदा त्यहीबाट घाँसको सेट्सहरु खरिद गरिएको। मिति एकिन हाल भएन चेकबाट रु ७०,०००।— हजार र वाँकी नगदबाट भूक्तानी गरिएको हो रु.४,३०,०००।— साथै निजसंग कुनै लेनदेन नभएको। छैन" भनी उल्लेख गरेको वयान व्यहोराले नै निज प्रतिवादी शिव नारायण यादव र घाँस विक्रेता वेचन यादव विच कुनै लेनदेन छैन भन्ने पुष्टि भएको साथै निज प्रतिवादी शिव नारायण यादव एक राष्ट्रसेवक कर्मचारी रहेको, "भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | "आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नु पर्ने कुनै कामममा कुनै प्रकारले असर पर्न सक्ने गरी कुनै राष्ट्रसेवकले कसैबाट नेपाल सरकार वा सार्वजनिक संस्थाको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्य वा अरु कसैद्वारा कुनै प्रकारको दान, दातव्य, उपहार, कोसेली, चन्दा वा कुनै किसिमको लाभ स्वीकार गर्ने वा आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामसँग सम्वन्धित व्यक्तिसँग सापटी लिने राष्ट्रसेवकलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि छ महिनासम्म कैद गरी विगो जफत गरिनेछ" भन्ने प्राबधान रहेको। उल्लिखित प्राबधानबाट "आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामसँग सम्वन्धित व्यक्तिसँग सापटी लिने राष्ट्रसेवकलाई कसूरको मात्रा अनुसार" सजाय हुन सक्ने नै देखिएको । सोही प्रावधान प्रतिकूल हुनेगरी प्रत्यर्थी प्रतिवादी रमेश कुमार तामाङले सेवाग्राही रामकृष्ण हुमागाँईबाट रकम सापटी लिएको देखिएको। तसर्थ, प्रतिवादीलाई उक्त ऐनको दफा ५(१) बमोजिम सजाय हुने ठहर गरेको विशेष अदालतको फैसलामा कुनै कानूनी त्रुटी देखिन आएन" भनी सम्मानित सर्वोच्च अदालत संयुक्त इजलास मुद्दा भ्रष्टाचार (घुस/रिसवत) (मुद्दा नं. ०७३-CR-११८२) मा फैसला भएको अवस्था पनि रहेको। तसर्थ, केवल आरोप दावीबाट उन्मुक्ती पाउने उद्देश्यले मिलेमतोमा सापटी लेनदेन फिर्ता गरेको भनी उल्लेख गरेको अदालत समक्षको झुठा बकपत्रको मात्र आधार ग्रहण गरी अन्य प्रमाणहरुको मूल्यांकन नगरी प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को प्रतिकुल हुँदा उक्त फैसला बदर भागी रहेको। |